# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

## नगर कार्यपालिका वैठक

## वैठक संख्या १४/०७६/०७७

आज मिति २०७७ साल वैशाख ९ गते मंगलबार बिहान ८:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधवगोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर ~~तामाङ~~ राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री ~~रुद्रबहादुर लिम्बु~~, राम थापा | का.वा. वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | अनुपस्थित |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ | नगर कार्यपालिका सदस्य | धरान-८ | अनुपस्थित |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

बैठकमा छलफल र निर्णय भएका विषयहरु

१. कोरोना भाईरसको हालको अवस्थाको जानकारी सम्बन्धमा ।

हाल विश्वव्यापी महामारीको रुमा फैलिरहेको कोरोना भाईरस फैलनवाट नेपाल सरकारवाट गरिएको लकडाउनको व्यबस्थापन र कोरोना संक्रमण फैलन नदिन धरान उपमहानगरपालिकाले हाल सम्म गरेका काम र प्रगती विवरणको वारेमा नगर प्रमुखज्यूबाट वैठकमा जानकारी भयो । सो सम्बन्धमा आजको वैठकबाट प्राप्त सुझावहरुलाई अवस्था हेरी आवश्यक समन्वय र कार्यान्वियन गर्दै जाने निर्णय गरियो ।

२. खरीद प्रकृयाको अनुमोदन गर्ने सम्बन्धमा ।

हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसCOVID-19 को कारणले मुलुकमा भएको आवागमन निषेध (Lock Down)मा अति विपन्न तथा दैनिक मजदुरी गरि खाने नगरवासीहरुलाई दोश्रो चरणको राहत उपलब्ध गराउनुपर्ने अवस्था आएको हुँदा वडाहरुवाट राहात पाउनेहरुको संकलन भएको नामावली अनुसार राहात उपलब्ध गराउन राहत समितिको सिफरिसमा देहायका राहत सामग्रीहरु सार्वजानिक खरीद नियमावली २०६४ को नियम १४५ बमोजिम ३ दिनको समय दिई दररेट मागगरी वार्ताबाट खरीद गर्न कार्यालयबाट शुरु भएको खरीद प्रकृयालाई अनुमोदन गरियो ।

<u>राहत सामग्रीको विवरण</u>

| | |
|---|---|
| सोना मन्सुली चामलः- | १,६२,००० के.जी. |
| रिफाईन तेलः- | १९,१०० लिटर |
| दाल/न्यूटेलाः- | १८,००० के.जी. |
| आयो नूनः- | १९,१०० प्याकेट (के.जी) |

३. रकमान्तर गर्ने सम्बन्धमा ।

कोरोना भाईरस COVID-19 को विश्वव्यापी संक्रमणको रोकथामका लागि लागु भएको LOCK DOWN को कारणले उत्पन्न विषम परिस्थीतिमा अति विपन्न तथा दैनिक ज्याला मजदुरी गरीखाने परिवारहरुलाई राहत वितरण गर्न चालु आ.ब. मा विनियोजित बजेटले अपुग भएकोले देहायका कार्यको लागि आवश्यक बढीमा ७००००००। ( सात करोड ) सम्म रकम हालसम्म खर्च नभएका सबै किसिमका आयोजना तथा कार्यक्रमहरुबाट रकमान्तर गर्ने निर्णय गरीयो ।

- ✓ राहत वितरण कार्यको लागि — रु. ५,००,००,०००/-(पाँच करोड)
- ✓ स्वास्थ्य सँग सम्बन्धीत सामग्री उपकरण खरीद साथै एम्बुलेन्स व्यवस्थापनलगायतका कामका लागि — रु. १,००,००,०००(एक करोड)
- ✓ सडक मानव उद्दारको काम र कोरोना रोकथामको काममा खटिने कर्मचारी प्रोत्साहन खर्चका लागि — रु. १,००,००,००० (एक करोड)

साथै उक्त रकम रकमान्तरका लागि तत्काल नगरसभा बस्न सक्ने सम्भावना नभएकाले आगामी नगरसभाबाट अनुमोदन हुनेगरी रकमान्तर गर्ने समेत निर्णय गरियो ।

४. सडक मानब व्यबस्थापन सम्बन्धमा ।

विश्वव्यापी रुपमा संक्रमणको रुपमा फैलिएको नोवल कोरोना भाईरसको रोकथामका लागि देशैभरी लकडाउन गरिएको तर धरानका भानुचौक लगायतको क्षेत्रहरुमा निकै ठूलो संख्यामा सडक मानवहरु रहेकाले यदि तिनीहरुमा यो संक्रमण फैलिएमा झन ठुलो समस्या आईपर्ने कुरालाई मध्य नजरगरी त्यस्ता सडक मानवहरुको व्यबस्थापनका लागि नगरपालिकावाट विभिन्न संघ संस्थाहरुको सहकार्यमा उनीहरुलाई लाङ्घाली सामुदायिक वनको भवनमा राखीएको लाई अनुमोदन गर्ने र यस्तो मानविय कार्यमा सहयोग गर्ने संघ संस्थाहरुलाई धन्यवाद दिने साथै तिनीहरुका लागि दीर्घकालिन व्यबस्थापन गर्ने समेत निर्णय गरिएको ।

५. कोरोना राहत कोषमा रकम जम्मा गर्ने सम्बन्धमा ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID- 19 को संक्रमणको कारणले लागु भएको lockdown ले गर्दा जीवन कष्टकर भएका नगरवासीहरुलाई यस अघि नगरपालिकाले विनियोजन गरेको विपद व्यवस्थापनको बजेटबाट रु. २५ लाख मात्र कोरोना राहत कोषमा जम्मा गरिएकोमा उक्त रकम लगायत विभिन्न दाता महानुभावहरुबाट प्राप्त सहयोग समेतले अपुग भई पुनः दोश्रो चरणको राहत वितरण गर्नुपर्ने अवस्था भएकोले माथि ३ नं. को निर्णय कार्यान्वयन गर्न समय लाग्ने भएकाले तत्कालै यस आ.व. को बजेटमा आकस्मिक कोषको लागि विनियोजित बजेट रु. ५० लाख मात्र उक्त राहत कोषमा जम्मा गरी राहत खरीदको लागि खर्च गर्ने निर्णय गरीयो ।

**६. कर्मचारीहरुको तलबबाट कट्टा गरी राहत कोषमा जम्मा गर्ने निर्णयको अनुमोदन सम्बन्धमा ।**

विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID- 19 को संक्रमणको कारणले लागु भएको lockdown बाट दैनिक ज्याला मजदुरी गरी खाने परिवारहरुलाई खानको समस्या नपरोस भनी राहत उपलब्ध गराउन भनी धरान उपमहानगरपालिका बाट स्थापना गरेको फुट बैंकमा यस उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालय (वडा समिति र स्वास्थ्य संस्था) हरुमा कार्यरत कर्मचारीहरुले तपसिल अनुसारको पारिश्रमीक कट्टा गरी जम्मा गर्ने भनी भएको सहमतीको आधारमा २०७६/१२/२५ मा भएको टिप्पणी निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

- श्रेणी विहिन ज्यालादारी र करारका कर्मचारीहरुको कट्टा नगर्ने ।
- श्रेणी विहिन स्थायी कर्मचारीहरुको २ दिनको शुरु स्केल बराबरको रकम ।
- सहायक द्वितिय देखि पाचौं तह सम्मको ३ दिनको सुरु स्केल बराबरको रकम ।
- अधिकृत स्तर छैटौं तहको चार दिनको सुरु स्केल बराबरको रकम ।
- अधिकृत स्तर छैटौं तह भन्दा माथीको पाँच दिनको सुरु स्केल बराबरको रकम ।

आजको बैठक ११ बजे समापन भयो

बैठकको निर्णय माइन्यूट गर्ने - गणेशप्रसाद खतिवडा, वरिष्ठ प्रशासकीय अधिकृत